# लेखापरीक्षण प्रतिवेदन

## जुनिचादे गाउँपालिका, जाजरकोट

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# जुनिचादे गाउँपालिका, जाजरकोट

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/426


श्रीमान् अध्यक्षज्यू,

जुनिचादे गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, जाजरकोट ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।



( टिकाराम श्रेष्ठ )

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कर्णाली प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/426

श्रीमान् अध्यक्षज्यू ,

जुनिचादे गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय

जाजरकोट।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रु.१ अर्ब ३७ करोड ७४ लाख १४ हजार लेखापरीक्षण गरिएकोमा लेखापरीक्षणबाट रु. १ करोड ८४ लाख ७८ हजार .बेरुजु देखिएको छ।प्रतिक्रियाबाट रु.१ लाख ६९ हजार फस्योंट भई असुल गर्नुपर्ने रु.४ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १९ लाख ५२ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ५९ लाख ३२ हजार गरी जम्मा रु.१ करोड ८३ लाख ९ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. २७ करोड ५६ लाख ६३ हजार रहेकोमा यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.२९ करोड ३९ लाख ७२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।


**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( टिकाराम श्रेष्ठ )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६२ | १०९ | १,८४,७८,३५६ | ० | ३९ | १,६९,४३० | ० | ६२ | ७० | १,८३,०८,९२६ | ४,२५,०६८ | १,५९,३२,०९५ | १९,५१,७६३ | ० | ० | १,७८,८३,८५८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| जाजरकोट | २७,५६,६२,९४५ | | ० | २७,५६,६२,९४५ | ० | १,८३,०८,९२६ | २९,३९,७१,८७१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५२ | सहभागि भत्ता | १५,३०० |
| २ | २०८१/८२ | ४३ | बैठक भत्ता | १,१६,०२५ |
| ३ | २०८१/८२ | ५१ | प्रशिक्षार्थीबाहेकलाई सहभागिता भत्ता | १८,७०० |
| ४ | २०८१/८२ | ५० | प्रशिक्षक भत्ता | ४,९३० |
| ५ | २०८१/८२ | ५५ | दिवा खाजा अनुदान | १४,४७५ |
| जम्मा | | | | १,६९,४३० |

# जुनिचादे गाउँपालिका, जाजरकोट

# ( ८०६६६५०२३०० )

# जुनिचाँदे गाउँपालिका , जाजरकोट

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिका को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ११ वडा, ५८ सभा सदस्य ३४६.२१ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार ७ सय ७१ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०३ देखि २०८२।०६।०५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको यस वर्ष आय व्ययतर्फको रु.१ अर्ब ३७ करोड ७४ लाख १४ हजार ५८६।७८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१७ हजार २० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | अग्रिमकर असुली | १७०२० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०८१।८२ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

२.१ **एकीकृत वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको प्राप्ती र भुक्तानीको एकिकृत आय व्यय विवरण निम्नानुसार देखिएको छः

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | **१२६०४९८६.६५** | **चालुखर्च** | | **३५८६८५६२६.८८** |
| १.संचित कोष | ५७५२९७६.८१ | | १.पालिकातर्फ | १५१२३८६१४.७१ | |
| २.धरौटी | २६३६७६४.८४ | | २.संघीय सशर्त | २०५६४८१०२.१७ | |
| ३.कार्यसञ्चालन कोष | ४२१५२४५ | | ३.संघीय विशेष | ० | |
| ४. अन्य कोष | | | ४.प्रदेश सशर्त | १७९८९१० | |
| **यस वर्षको आय** | | | ५.प्रदेश विशेष | ० | |
| **१.आन्तरिक आय** | | **३९६५०६२.०४** | **पुँजीगतखर्च** | | **८८२४३३४८.** |
| **२.वित्तीय हस्तान्तरण (संघ)** | | **४११५८००६२.१३** | १.पालिकातर्फ | ३५४१३४४१ | |
| क) समानीकरण अनुदान | ७९००५३६०. | | २.संघीय सशर्त | २१६९१४३ | |
| ख) राजस्व बाँडफाँट | १००७८५३४३.३३ | | ३.संघीय विशेष | ० | |
| ग) सशर्त अनुदान | २३१७८९३५८.८ | | ४.संघीय समपुरक | ० | |
| घ) समपुरक अनुदान | ० | | ५.प्रदेश सशर्त | ३९०४३५६१ | |
| ङ) विशेष अनुदान | ० | | ६.प्रदेश विशेष | ५७८४७४८ | |
| च) रोयल्टी | | | ७.प्रदेश समपुरक | ५८३२४५५ | |
| छ) अन्य | | | **अन्तरसरकारी अख्तियारी (संघ)** | | **९२०७२५५२.३८** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **७८३१७९७२.९४** | क)सामाजिक सुरक्षा | ८९५०२५५२.३८ | |
| क) समानीकरण अनुदान | ९२१४००० | | ख)घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र | ७५०००० | |
| ख) राजस्व बाँडफाँट | ८८३९७२.९४ | | ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२०००० | |
| ग) सशर्त अनुदान | ४३०२०००० | | घ)उच्च पहाडी हिमाले क्षेत्र स्वरोजगार तथा आर्थिक शसक्तिकरण कार्यक्रम | १५००००० | |
| घ) समपुरक अनुदान | १६२००००० | | **अन्तरसरकारी अख्तियारी (प्रदेश)** | | **११५२०००** |
| ङ) विशेष अनुदान | ९०००००० | | क) आन्तरिकमामिला तथा कानून मन्त्रालय | ११५२००० | |
| च) रोयल्टी | 0 | | **ऋण फिर्ता(साँवा)** | | **०** |
| छ) अन्य | 0 | | **ऋणकोब्याज भुक्तानी** | | **०** |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **९२०७२५५२.३८** | **धरौटीफिर्ता तथा सदर स्याहा** | | **१२०५४९८** |
| क) सामाजिक सुरक्षा | ८९५०२५५२.३८ | | **कार्यसञ्चालनकोषबाट भएको खर्च** | | **१०३१७९६००** |
| ख) घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र | ७५०००० | | **अन्यकोषबाट भएको खर्च** | | **०** |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२०००० | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | **०** |
| घ) उच्च पहाडी हिमाले क्षेत्र स्वरोजगार तथा आर्थिक शसक्तिकरणकार्यक्रम | १५००००० | | **अन्यसहयोगमा सञ्चालित योजना** | | **०** |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | **११५२०००** | **अन्यखर्चभएमा** | | **०** |
| क) आन्तरिक मामिला तथा कानून मन्त्रालय | ११५२००० | | | | **०** |
| **६. ऋण/ वित्तीय व्यवस्था** | 0 | | **अनुदानफिर्ता** | | **३९७३२४३९.६३** |
| **७. धरौटी आय** | ४००५६० | **४००५६०** | | | |
| **८. कार्यसञ्चालन कोष आय** | १०५४०४६०० | **१०५४०४६००** | **१.संघ तर्फ** | **२३९७२११३.६३** | |
| **९. अन्य कोषको आय** | 0 | | क)सशर्त अनुदान | २३९७२११३.६३ | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | 0 | | ख)विशेष अनुदान | ० | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | 0 | | ग)समपुरक अनुदान | ० | |
| **१२. स्थानीय राजस्व बाँडफाँड** | २५०७१२.४ | **२५०७१२.४** | **२.प्रदेश तर्फ** | **१५७६०३२६** | |
| | | | क)सशर्त अनुदान | २१७७५२९ | |
| | | | ख)विशेष अनुदान | ३२१५२५२ | |
| | | | ग)समपुरक अनुदान | १०३६७५४५ | |
| | | | **अन्तिममौज्दात** | | **२१४७७४४३.६५** |
| | | | १.संचित कोषको मौज्दात | १३२०५३७१.८१ | |
| | | | २.धरौटी | १८३१८२६.८४ | |
| | | | ३.कार्यसञ्चालनकोष | ६४४०२४५ | |
| | | | ४.अन्यकोष | **०** | |
| **जम्मा** | **७०५७४८५०८.५४** | **७०५७४८५०८.५४** | **जम्मा** | **७०५७४८५०८.५४** | **७०५७४८५०८.५४** |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,९५,०२,५५२.३८/-, घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्रको रु.७,५०,०००/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३२००००/-, उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम रु. १५,००,०००/- र आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ११५२०००/- समेत गरी रु. ९,३२,२४,५५२.३८/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाव** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. २३,८७,९५,३३८/९३, यस वर्षको भुक्तानी रु. २३,७३,४२,०९०/०१ र बाँकी मौज्दात रु. ३३,१८६/९२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गत वर्षको जिम्मेवारी** | **यस वर्षको प्राप्ति (आय)** | **यस वर्षको भुक्तानी (व्यय)** | **बाँकी मौज्दात** |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | १२६०४९८६.६५ | ६९३१४३५२१.८९ | ६८४२७१०६४.८९ | २१४७७४४३.६५ |
| सुत्र अनुसारको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १२६०४९८६.६५ | ४५४३४८१८२.९६ | ४४६९२८९७४.८८ | २१४४४२५६.७३ |
| **फरक** | ० | **२३८७९५३३८.९३** | **२३७३४२०९०.०१** | **३३१८६.९२** |

२.४ **बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैकं हिसाव मिलान विवरण तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ। पालिकाको वित्तीय विवरण अनुसार श्रेस्ता र बैङ्क मौज्दात विवरण देहाय अनुसार रहेको छ ।श्रेस्ता भन्दा बैंकमा बढी रहेको रु. २२,६९५ /- का सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसारको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता (ग १-१) | | | |
| स्थानीय तह बिभाज्य कोष (ग ६-१) | | | |
| चालू खर्च खाता- जोर वर्ष (ग २-१) | | | |
| पुँजीगत खर्च खाता- जोर वर्ष (ग २-३) | | | |
| स्थानीय तह सञ्चित कोष खाता (ग ४-१) | १३२०५३७१.८१ | १३२०५३७१.८१ | |
| स्थानीय तह धरौटी खाता (ग ३-१) | १८०९१३१.८४ | १८३१८२६.८४ | २२६९५ |
| विविध खर्च खाता (ग२-७) | २२३२८० | २२३२८० | |
| स्थानीय तह विविध कोष खाता (५-१) | | | |
| प्रकोप व्यवस्थापन कोष खाता (ग ७-२) | ६२१६९६५ | ६२१६९६५ | |
| **जम्मा** | **२१४५४७४८.६५** | **२१४७७४४३.६५** | **२२६९५** |

२.५ **सशर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय तथा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार संघिय सशर्त अनुदान तर्फ रु. ३,९७,३२,४३९/६३ खर्च नभई बाँकी रहेकोमा पालिकाले मिति २०८२।०३।३० मा संघीय सञ्चित कोष फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | खर्च नभई बाँकी | फिर्ता रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | २३१७८९३५८.८ | २०७८१७२४५.१७ | २३९७२११३.६३ | |
| **जम्मा** | | **२३१७८९३५८.८** | **२०७८१७२४५.१७** | **२३९७२११३.६३** | **२३९७२११३.६३** |
| प्रदेश सरकार | सशर्त | ४३०२०००० | ४०८४२४७१ | २१७७५२९ | |
| | विषेश | ९०००००० | ५७८४७४८ | ३२१५२५२ | |
| | समपूरक | १६२००००० | ५८३२४५५ | १०३६७५४५ | |
| **जम्मा** | | **६८२२००००** | **५२४५९६७४** | **१५७६०३२६** | **१५७६०३२६** |
| **कुल जम्मा** | | **३०००९३५८.८** | **२६०२७६९१९.१७** | **३९७३२४३९.६३** | **३९७३२४३९.६३** |

२.६ **घटी जिम्मेवारी** - पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाब एकिन गर्नुपर्दछ।पालिकाले गत बर्षको प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन म.ले.प फारम नं. २७० अनुसार अन्तिम मौज्दात रु.१,२६,३८,१७३.५७/- रहेकोमा यस बर्षको प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन म.ले.प फारम नं. २७० अनुसार सुरु मौज्दात रु.१,२६,०४,९८६.६५/- मात्र जिम्मेवारी सारेको देखिएकोले फरक जिम्मेवारी सारेको रु.३३,१८६.९२/- को सम्बन्धममा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,१८७ |

३ **बजेट पेश पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१/३/१० मा रु. ५२ करोड ३७ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१/३/१० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८१/०४ /०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ।ऐनले तोकेको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी बजेट कार्यान्वियन गरिनु पर्दछ ।

## ४ योजना तथा वजेट कार्यान्वियन

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. १० लाख गरेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

## ५ खर्च बिश्लेषण

गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ३९,६५,०६२/०४ राजस्व बाँडफाँटबाट रु. १०,१९,२०,०२८/६७ र अनुदानबाट रु. ३४,८४,९६,२७९/२ समेत रु.४५,४३,८१,३६९ /८८ आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. ३५,८६,८५,६२६/९० र पूँजिगत तर्फ रु. ८,८२,४३,३४८ /- समेत रु. ४४,६९,२८,९७४/९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८९ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ४९ लाख ५२ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२४.८९ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ८० प्रतिशत चालु र २० प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ६ कार्यक्रम संशोधन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी बर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गतवर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी अषाढ मसान्त भित्रै पारित गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा १९ मा सभाको बैठक सामान्यतया वर्षमा २ पटक बस्ने व्यवस्था छ । सभाको पहिलो अधिवेशन बार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृत गर्ने र दोस्रो अधिवेशन सभाले नीति कार्यक्रम तथा योजना कार्यान्वयनको समिक्षा गर्ने, संशोधन गर्ने, ऐनको मस्यौदा तयार गरी छलफल र पारित गर्ने व्यवस्था रहेको छ। पालिकाले कार्यपालिकाको निर्णय बाट आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतका रु.१ करोड ७२ लाख ४४ हजारको विभिन्न ३५ वटा योजना तथा कार्यक्रमहरु संशोधन गरेको छ।ऐन वमोजिम सभाबाट मात्र कार्यक्रम संशोधन गर्नुपर्दछ।

## ७ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले त्रैमासिक प्रगती विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त त्रैमासिक खर्चको विवरण अनुसार कुल पुँजीगत खर्च रु. ८ करोड ८२ लाख ४३ हजार मध्ये प्रथम त्रैमासिकमा शून्य प्रतिशत, दोश्रो त्रैमासिकमा १०.७२ प्रतिशत, तेश्रो त्रैमासिकमा १७.५ प्रतिशत र चौथो त्रैमासिकमा ७१.७८ प्रतिशत खर्च गरेको छ भने असार महिनामा मात्र ४६.०३ प्रतिशत खर्च गरेको छ । कार्यान्वयनमा रहेका सबै योजनाहरुको निर्माण कार्य कार्यतालिका अनुरुप कार्य गराउन नसक्दा आर्थिक वर्षको अन्त्यतिर खर्चको भार परेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा हतारमा काम गराउँदा कामको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी गुणस्तर कायम गर्न समेत कठिनाइ पर्ने भएकोले समयमै निर्माण कार्य गराई खर्च गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ ।

| **खर्च विवरण** | **खर्च (रु. हजारमा)** | | | | | |
|---|---|---|---|---|---|---|
| | **कुल खर्च** | **प्रथम त्रैमासिक** | **दोश्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **आषाढ महिना** |
| पुँजीगत खर्च | ८८२४३ | ० | ९४५६ | १५४४६ | ६३३३९ | ४०६२१ |
| खर्च प्रतिशत | १०० | ० | १०.७२ | १७.५ | ७१.७८ | ४६.०३ |

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगतरुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च (प्रतिशतमा)** |
|---|---|---|---|
| आर्थिक विकास | २२९७२००० | १९४६२२७० | ८४.७२ |
| सामाजिक विकास | २५७२०३००० | २३०२७९९१४.९५ | ८९.५३ |
| पूर्वाधार विकास | ७६४१८००० | ४६८१७३१५ | ६१.२६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२५८००० | १२०७५९७ | ९५.९९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १६५८७२७८३.८१ | १४९१६१८७७.९३ | ८९.९३ |
| **जम्मा** | **५२३७२३७८३.८१** | **४४६९२८९७४.८८** | **८५.३३** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ८५.३३ प्रतिशत खर्च भएको छ । क्षेत्रगतरुपमा हेर्दा ६१.२६ देखी ९५.९९ प्रतिशतसम्म खर्च भएको छ ।

## ९ योजनाको प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी, दीगो विकास र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार कुल ८४ योजनामा वजेट विनियोजन गरेको छ।

| **रु.१ लाख सम्मका** | | **रु.१ लाख देखि ५ लाख सम्मका** | | **रु.५ लाख देखि १० लाख सम्मका** | | **रु.१० लाख देखि २० लाख सम्मका** | | **२० लाखभन्दा बढीका** | | **जम्मा** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २ | १०४ | ४९ | १४०१८ | १७ | १४७०० | ११ | १८१०० | ५ | १६००० | ८४ | ६२९२२ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको

छ । समयमा खरिद कारबाही नहुनु र बजेट अनिश्चितता तथा तोकिएको समय तालिका अनुसार बजेट निकासा नभएका कारण उक्त योजनाहरु कार्यान्वयन नभएको कार्यालयको भनाई रहेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१० **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **खरिद व्यव्स्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ८ करोड ८२ लाख ४३ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१२ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ (२ ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको रु.१,६५,०९,०४२।२१ स्वास्थ्यतर्फको रु.१,८९,६३,१०९/८ गरी रु. ३,५४,७२,१५२/०१ तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्नेमा पालिका गठन हुदा संघिय मामिला तथा सामान्य प्रशासन मंत्रालयवाट प्राप्त दरबन्दी बमोजिम कार्य सञ्चालन हुँदै आएको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित ७९ जनाको स्थायी दरबन्दी स्वीकृत रहेको र दरबन्दी बाहेक विभिन्न कार्यक्रम अन्तर्गत ३२ जना दरबन्दी रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५० जना पदपूर्ति भएको देखिन्छ ।

१४ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन ।पालिकाले देहायका पदमा कर्मचारी करारमा राखी यस वर्ष रु.१,१६,१८,७५०/- भुक्तानी गरेको पाइयो।कार्यबोझको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी कानुन बमोजिम पारदर्शी हिसाबले कर्मचारी नियुक्ती गरी तलब भत्ता खर्च लेख्नुपर्नेमा पालिकाले सो अनुसार गरेको पाइएन । ऐनको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| सि नं | पद तह | संख्या | यस वर्ष तलब भत्तामा भएको खर्च रकम |
|---|---|---|---|
| १. | अ.हे.व/अ.न.मी चौँथो/पाँचौ | २७ | ९२९६८४६ |
| २. | असिष्टेण्ट सव-ईन्जिनियर चौँथो | २ | ८५५४५२ |
| ३. | प्रशासन सहायक चौथो | २ | ६११००० |
| ४. | फिल्ड सहायक चौँथो | २ | ८५५४५२ |
| **कुल जम्मा** | | **३३** | **११६१८७५०** |

| | |
|---|---|
| अनियमित भएको | १,१६,१८,७५० |

१५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेकोमा प्रभावकारीरुपमा लागू भएको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. २७ लाख ९४ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत १२९ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा गाउँपालिकाको प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गराएको देखिएन।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु लागत सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. १५ लाख ४० हजार खर्च लेखेकोमा तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्ने गरेको छैन साथै भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रू. ४ लाख ६५ हजार खर्च गरेको छ । पालिको आन्तरिक आम्दानी जम्मा रु. ३९ लाख ६५ हजार रहेकोमा उक्त आम्दानीको ११.७२ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्च गर्नुपर्दछ ।

| शिर्षक | ऐनको व्यवस्था | विषय |
|---|---|---|
| त्रैमासिक प्रतिवेदन | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ | त्रैमासिक प्रतिवेदन समिक्षा भएको देखिएन। |
| बजेट सिमा | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६(१) | समिति गठन नभएको । |
| सम्पत्ति रेखदेख मर्मत | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ | मर्मत संभार व्यवस्था सवारी साधन लगबुक र मर्मत अभिलेख पूर्ण रुपमा नराखेको। |
| सम्पति सुरक्षा | आर्थक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ | मर्मत संभार संरक्षण र लिलामविक्री नभएको। |
| सेवा प्रवाह स्थिति | स्थानीय सरकार संचालन ऐन,२०७४ | नागरिकता सिफारिस ७६९, जन्म दर्ता ११८८, मृत्यु दर्ता १९६, बसाइँसराइ ११८, विवाह दर्ता २७५, सम्बन्ध विच्छेद ७, नाता प्रमाणित ८७० र घरबाटो सिफारिस ३० दर्ता भएको देखिन्छ। सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । |
| कर्मचारी कल्याण कोष | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ | १० लाख जम्मा गरेको, अपर्याप्त देखिएको। |
| ऐनको कार्यान्वयन /पारदर्शिता | स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७२(७) | सामाजिक परिक्षण, सार्वजनकि परीक्षण, सार्वजनिक सुनुवाई समयमानै भएको देखिदैन। |
| प्राकृतिक स्रोतको बिक्री | कर्णाली प्रदेश नदी तथा खानीजन्य स्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि, २०७९ को (३) | बिक्रीको उचित व्यवस्था नभएको। |
| जोखिम निराकरण | स्थानीय सरकार संचलन ऐन,२०७४ को दफा ७८ | उद्वेश्यमा आइपर्ने संभावित जोखिम र पहिचान निराकरण नगरेको |
| विद्यालय अनुगमन | स्थानीय सरकार संचलन ऐन,२०७४ को दफा ११ | विद्यालय अनुगमन मापदण्ड नबनाएको। |

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको सञ्चितकोष, धरौटी, बिबिध खर्च र प्रकोप व्यवस्थापन कोषको कारोबारको आर्थिक वर्षको अन्तिममा मात्र

आन्तरिक लेखापरीक्षण गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१७ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत र म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

१८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१९ **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा. नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन आंशिक रुपमा प्रयोग गरेको देखियो । कार्यालयको कार्यसम्पादनमा मितव्यिता तथा प्रभावकारीता ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ ।

२० **विगत वर्षको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई आ.व. ०८०।८१ सम्मका आर्थिक वर्षमा दिएको पेश्की आर्थिक वर्ष ०८१।८२ को अन्त्यसम्म पनि फस्र्योट नभई रु. ७९,८०,०७६/- बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फस्र्योट गर्नुपर्दछ ।

| क्र.स | पेश्की जिम्मेवारी सारेको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|---|
| | **कर्मचारी:** | | | |
| १ | ०१/०४/२०८१ | पोषण कार्यक्रम | खेम राज बस्नेत | ७५००० |
| २ | ०१/०४/२०८१ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा , | गोविन्द बहादुर शाही | ५००००० |
| **जम्मा** | | | | **५७५०००** |
| | **निर्माण व्यवसायी:** | | | |
| १ | ०१/०४/२०८१ | चैखिला देखि डाँडाकोट सम्म खानेपानी निर्माण | आकाश निर्माण सेवा | ५२५४०८५ |
| २ | ०१/०४/२०८१ | स्वास्थ्य संस्था नभएका वडाहरुमा भवन निर्माण | इन्द्रदेवि निर्माण सेवा | ९२३९३५ |
| **जम्मा** | | | | **६१७८०२०** |
| | **संस्थागत:** | | | |
| १ | ०१/०४/२०८१ | महेन्द्र मा वि फर्निचर तथा शौचालय निर्माण | श्री महेन्द्र मा.वि. कोर्ताङ्ग | २६३०२६ |
| २ | ०१/०४/२०८१ | मा वि सिर्पाचौर भवन मर्मत | श्री माध्यामिक विद्यालय सिर्पाचौर | १८१८३० |
| **जम्मा** | | | | **४४४८५६** |
| | **उपभोक्ता समिति:** | | | |
| १ | ०१/०४/२०८१ | नरमरा झोलुङ्गे पुल निर्माण | नरमरा झो पु निर्माण उ स | ५७६००० |
| **जम्मा** | | | | **५७६०००** |
| | **व्यक्तिगत:** | | | |
| १ | ०१/०४/२०८१ | बिमा तथा नवीकरण खर्च | राजेन्द्र थापा | ५०००० |
| २ | ०१/०४/२०८१ | कार्यक्रम खर्च | राजेन्द्र विक्रम शाह | १५६२०० |
| **जम्मा** | | | | **२०६२००** |
| **कुल जम्मा** | | | | **७९८००७६** |

२१ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । पालिकाले हालसम्म ऐन २१, नियमावली १२, कार्यविधि ३०, निर्देशिका १४ र नर्म्स ३ गरी जम्मा ८० वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ । स्थानीय सरकार सञ्चालन ऐनको परिधिभित्र रही पालिकाले कानुन कार्यान्वयन गर्नु पर्दछ ।

२२ **सहकारी संस्थाको नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्र दर्ता भएका ३६ सहकारी संस्थाहरू मध्ये एकीकृत सूचना व्यवस्थापन प्रणालीमा (COPOMIS) २ वटाले विवरण दाखिला गरेको तथा ३४ वटाले विवरण दाखिला नगरेको पाईयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । दर्ता भएका सहकारी संस्था निस्कृय रही त्यस्ता संस्थाको कारोबार तथा दायित्वको शुक्ष्म मूल्याङ्कन गरेर नागरिकको पुँजी

तथा बचत सुरक्षा गर्न अनुगमन गरी आवश्यक परेमा कानून बमोजिमको कारवाही प्रकृया अगाडी बढाई ऐनमा भएका प्रावधान लागू गराउनेतर्फ पालिका क्रियाशील हुनुपर्ने देखिन्छ।

२३ **उपभोक्ता समितिबाट जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरण यसप्रकार रहेका छन् :

| गो भौनं./मिति | उपभोक्तासमितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८०/२०८२/०३/२४ | आदर्श मा.वि. लुहादहभौतिक संरचना निर्माण | तल्लो तलाको फिनिसिङ रमाथिल्लो तलाको थप कार्य | ३५८३१७१ |
| ७३/२०८२/०३/२३ | पुतली आधारभूतविद्यालय अधुरो भवन | दोस्रो तलाको ढलानकार्य | १४७०००० |
| ६९/२०८२/०३/२२ | पदम ज्योति मा.वि. २कोठे भवन निर्माण | छत ढलान कार्य | १४५८५३४ |
| ६२/२०८२/०३/१६ | दह स्वास्थ्य चौकीअधुरो भवन, जुनिचांदे ९ | ढलान कार्य | १४५५००० |
| ५७/२०८२/०३/११ | वडा कार्यालयको तलाथप, जुनिचांदे ३ | ढलान कार्य | १४७०००० |
| ५५/२०८२/०३/०६ | ज्योति आधारभूतविद्यालय भवन निर्माण, जुनिचांदे १० | ढलान कार्य | १४७०००० |
| ७८/२०८२/३/१९ | गाउंपालिका सामुदायिक भवन निर्माण | भवन निर्माण | १९४०००० |
| ४८/२०८२/२/३० | वार्ड न २ को तला थप | तला थप | १९६०९७७ |

२४ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले कोताङ देउराली माथि पोखात १२.५ कि मि सडक निर्माण वापत डि पि आर खरिद वापत २०।२०८१।११।२२ बाट मुनलाईट ईञ्जिनियरिङ एण्ड कन्सल्टेन्सी प्रा लि सुर्खेतलाई रु.९,९१,१७६।- भुक्तानी दिएको छ।उक्त भुक्तानी कार्यमा ३० प्रतिशत मु. अ. कर रु.३४,२०८/- कट्टी पनि गरेको छैन । भुक्तानीमा फोटो कपि कर बिजक समावेश छ। अत: मू.अ. कर समायोजन गर्को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३४,२०८ |

२५ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२६ **पूँजिगत शिर्षकबाट चालु प्रकृतिको कार्य** (११३-2082-03-25):

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरण भित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका

खर्चहरु समावेश हुने व्यवस्था छ । यस पालिकाले पूँजीगत शीर्षकबाट स्वास्थ्य केन्द्र अन्तर्गत कार्यरत २५ जना करार कर्मचारीहरुको पारीश्रमिकमा खर्च गर्ने गरेको पाइयो। नमूना छनौटको आधारमा पूँजीगत शीर्षकबाट चालु प्रकृतिको पारीश्रमिक शिर्षकमा खर्च गरेको देहाय अनुसारको रकम नियमसम्मत नदेखिएको रु.

| क्र.सं. | भौचरनं./मिति | खर्चभएको शिर्षक | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ११३-२०८२।०३।२५ | ३११५९ | भैरव मा.वि.तला थप | ५००००० |
| | | ३११३१ | जनचेतना महिला विकास समूह | ४०००० |
| | | ३११५९ | खडिचाखा नारायण मष्टा मन्दिर | ३००००० |
| | | ३११५९ | तिप्क बालविकास भवन निर्माण | ३००००० |
| | | ३११५९ | वडा कार्यालय भवन निर्माण | १७००००० |
| **जम्मा** | | | | **२८४००००** |

| | |
|---|---|
| अनियमित भएको | २८,४०,००० |

२७ **जिन्सी दाखिला नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त भएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । महेन्द्र मा बि कोर्ताङलाई एम आर ग्रिल उद्योगबाट ६६ थान बेञ्च डेस्क खरिद वापत १०१।२०८२।३।२३ बाट रु.५,००,०००। भुक्तानी दिएको छ । खरिद गरेका बेञ्च डेस्क बिद्यालयको जिन्सी किताबमा आम्दानी बाधेको छैन। बिद्यालयको जिन्सी किताबमा आम्दानी बाधेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

२८ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना/डीपीआर/आइईई लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको ४ वटा डिपिआर रु.२१ लाख ६४ हजारको खरिद सम्झौता गरी परामर्शदाताबाट कार्य गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | कोर्ताङ्ग देउराली माथी मैप हुदै पोखात सम्म सडक निर्माण | मुन लाइट इन्जिनिउरिङ्ग एण्ड रिसर्च कन्सल्टेन्सि प्रा ली | १०००००० | ९८०५७४ | ६०५३३२५०.४० |
| २ | मध्यकालिन खर्च संरचना र आवधिक योजना निर्माण | | ५००००० | ४९९१२१ | |
| ३ | रोजगार रणनिति र दशवर्षे शिक्षा रणनिति योजना निर्माण | | २००००० | २००००० | |
| ४ | कोर्ताङ देउराली माथजि मैप पोखत सडक | | ४८४३६८.८५ | ४८४३६९ | |
| **जम्मा** | | | **२१८४३६८.८५** | **२१६४०६३.८५** | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन साथै प्रतिवेदनहरु अभिलेखको रुपमा लेखांकन समेत हुनुपर्दछ ।

२९ **डिपीआरको जिन्सी दाखिला नभएको** (७४-2082-03-23):

सार्वजनिक सम्पतिको लेखाङ्कन र प्रतिवेदनका लागि महालेखा नियन्त्रक कार्यालयको पत्र संख्या २०७७/०७८ च. नं. ११ मिति २०७७।०४।१२ को परिपत्र एवं नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/स्थानीय तहका कार्यलयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ। पालिकाले तपशिल बमोजिमका डिपीआर खरिद गरेकोमा PAMS मा प्रविष्टि गरेको छैन। उक्त डिपीआर सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| भौ.नं. रमिति | कार्य विवरण | परामर्शदाता | भुक्तानीरकम |
|---|---|---|---|
| ७४।२०८२।०३।२३ | कोताङ देउराली माथी मैप हुँदै पोखतसम्म सडक प्रारम्भिक सन्तुलनपरीक्षण | मुभ इन्जिनियरिङकन्सल्टेन्सी एण्ड प्रा. लि. | ४८४३६८ |
| | | प्रमाण पेश नगरेको | ४,८४,३६८ |

३० **खरिद भन्दा बढी दरमा भुक्तानी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९(१०) अनुसार भुक्तानी दिंदा रित पुगे नपुगेको एकिन गरी भुक्तानी दिनु पर्दछ।पालिकाले देहाय अनुसार जालि प्रयोग गरेवापत उपभोक्ता समितिलाई खरिद गरेको दरमा भन्दा बढी दरमा भुक्तानी दिएको छ । खरिद गरेको दरमा भन्दा बढी दरमा भुक्तानी दिएको रकम असुल हुनु पर्ने रु.

| भौ न / मिति | भुक्तानी पाउने | जालि | संख्या | खरिद दर | भुक्तानी दर | फरक दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ६२।२०८२।३।५ | स्यालमा चौखेत तटबन्ध उ स | २।१।१ | ३८ | २३६५ | ३२६५ | ९०० | ३४२०० |
| | | १.५।१।१ | १९ | १७२० | २४५७ | ७३७ | १४००३ |
| ८०।२०८२।३।१८ | बिरा साना खोला पराले स्यालचौर सडक | १.५।१।१ | ७० | २२५५ | २४५७ | २०२ | १४१४० |
| **जम्मा** | | | | | | | **६२३४३** |
| | | | | | | असुल गर्नुपर्ने | ६२,३४३ |

३१ **मोटर साईकल खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । पालिकाले भानु ईन्टर प्राईजेज सुर्खेतबाट भौ न २४०।२०८२।३।२४ बाट ३ थान अपाचे १६० सि.सी का मोटर साईकल खरिद गरि रु.९,२१,३९६। भुक्तानी दिएको छ। पालिकाले आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययी तवरले बढी प्रतिफल प्राप्त क्षेत्रमा लगानी गर्नुपर्दछ।

३२ **हेभिमेशिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्त मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर,

एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| भौ.नं. रमिति | योजना/उपभोक्तासमितिको नाम | निर्माणव्यवसायी | लागत अनुमान | बिल रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १२/२०८१/१०/०७ | मौभेरादेखि कोलासम्मसडक मर्मत | नलगाड निर्माण सेवा | ४३२६७१ | ३८८००० | ३८८००० |
| ८६/२०८२/०३/२१ | भैरव मा.वि. फिल्डनिर्माण | अमृतकन्स्ट्रक्सन | ५८७६२ | ३०७१४ | ५२३८० |
| ९०/२०८२/०३/२२ | घट्टेखोला डांडादेखिगिरीखेल्ना सडक | अमृतकन्स्ट्रक्सन | १०८८४२४४ | ५८५८८४ | ८२६४६७ |
| ८०/२०८२/०३/१९ | विरा सानाखोला परालेहुँदै स्यालाचौर सडक | अमृतकन्स्ट्रक्सन | १०७७२४८ | ५४७९७१ | ९६७२६१ |
| ६७/२०८२/०३/२२ | तमा देखि तुसरखोलीसम्म सडक निर्माण | कुलनदेव सप्लायर्स | १५४६४७२ | ८०२३७० | १३८३००९ |
| ६१/२०८२/०३/१२ | मजकोट सानाखोला मेसुकोर्ताङ सडक | अमृतकन्स्ट्रक्सन | ३२३६११४ | १००४३९४ | २९१०००० |

३३ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको, विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको, प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३३.१ **प्राविधिक विल** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधिकले उपभोक्ता समितिको बिल बनाउँदा वास्तविक कार्यसम्पादनमा आधारित भएर बनाउनुपर्दछ।

३३.२ **उपभोक्ता समितिको बिल भरपाई** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाइ उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको

आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

३३.३ **आइटम वाइज योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३ क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था रहेकोमा पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

३३.४ **निर्माण कार्यको गुणस्तर** - उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध, गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३३.५ **विमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अत: निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

## ३४ निर्माण कार्यको नाँप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।पालिकाबाट निर्माण भएका सम्पूर्ण निर्माण कार्यहरुको नाँपसंग भिडान हुनेगरी चेनेज खुलाई स्लोप कटिङ्ग लगायत फिलिङ्ग एरिया एवं परिमाण यकिन हुने ड्रइङ्ग संलग्न गर्ने गरेको छैन । सडक तथा भवन निर्माण जस्ता निर्माण कार्यमा समेत ड्रइङ्ग संलग्न नगरेबाट बिलमा उल्लेखित परिमाण यकिन हुने अवस्था छैन । सडक निर्माणमा रिटेनिङ्गवाल लगाएकोमा चेनेज खुलाउने नगरेको, ग्याविन जालीको नाप एवं परिमाण गर्दा लेयर सहितको ड्रइङ्ग समावेश गर्ने नगरेको, उपभोक्ता समितिहरुबाट सञ्चालित योजनामा सामाग्री विवरण (Material Breakdown) नदिने, निर्माण कार्यसंग दक्ष तथा अदक्ष श्रमिक बिश्लेषण नगरेबाट उपभोक्ताले डोर हाजिरमा उल्लेख गरेको जनशक्ती मेल नखाने, उपभोक्ताको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको लगायत अवस्था देखिन्छ ।अधिकांश योजनाहरुमा लागत अनुमान बरावर मूल्याङ्कन भएको देखिँदा वास्तविक काम सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिँदैन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति, म्याद थप लगायतका बिलमा खुलाउनुपर्ने तथ्याङ्क स्पष्ट उल्लेख गर्ने गरेको पाईएन । प्राविधिकले इन्जिनियरिङ नर्म्स बमोजिम ड्रइङ्ग लगायत चेनेज, स्थान, परिमाण खुल्ने अन्य पुष्टयाइ गर्ने कागजात संलग्न गरी निर्माण कार्यको नाँप एवं परिमाण वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३५ **कोताङ देउराली माथी मैप हुँदै पोखात सडक ( ठे.नं. ३/२०८१/८२)**

मिति २०८२ माघ ३० सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी ए एण्ड ए कन्स्ट्रक्सनसँग मिति २०८२/३/१३ मा रु.४५,८६,७९१/- को खरिद सम्झौता भएकोमा सडक खन्ने कार्यको हालसम्म भौ नं ७७/२०८२/०३/२४ बाट रु. ५,४७,७६३/- भुक्तानी भएको छ ।कार्यालयको भनाईअनुसार उक्त निर्माण कार्य प्रारम्भिक वातावरणीय प्रतिवेदन ढिला तयार भई हाल उक्त योजना चालु अवस्थामा रहेको जनाएको छ ।उक्त निर्माण कार्य सार्वजनिक खरिद ऐन तथा सम्झौता वमोजिम सम्पन्न गरी निर्माण कार्य फरफारक गरिनु पर्दछ।

३६ **कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ को उपनियम (२क) मा निर्माण कार्यको कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्थामा सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२५ को उपनियम (२) मा निर्माण कार्य सम्पन्न भई त्रृटी सच्याउने दायित्वको अवधी सम्पन्न भएपछि त्यस्तो निर्माण कार्य तोकीए बमोजिम भए नभएको सम्बन्धित प्राविधिकबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका सम्पूर्ण निर्माण कार्यको कार्य स्वीकार तथा कार्य सम्पन्न प्रतिवेदन एकैपटक जारी गरेको कारण निर्माण कार्यको नियमानुसारका कार्य सम्पन्न प्रतिवेदन जारी भएको अवस्था छैन । निर्माण कार्यको त्रृटी सच्याउने अवधि समाप्त भएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी संरचनाहरुको यथार्थता एकिन गर्नु पर्दछ ।

३७ **सार्बजनिक सुनुवाई**

सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८१ भाग ५ दफा ४७(१) बमोजिम गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयले आर्थिक वर्षको प्रत्येक चौमासिक अवधिमा कार्यालयबाट सञ्चालित सम्पूर्ण योजना, कार्यक्रम तथा सेवा प्रवाहको सार्वजिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वार्ड नं.१ को सार्वजनिक सुनुवाई वापत प्रेस फ्रिडम मिडिया सेन्टरलाई भौ नं ५२९। ०८२/३/२४ बाट रु.१,००,०००।- भुक्तानी दिएको छ।वडाबाट सञ्चालित कार्यक्रमको सार्वजनिक सुनुवाई मितव्ययी ढंगले गर्नु पर्नेमा मिडिया सेन्टर मार्फत कार्य गरेको अनियमित भएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

३८ **घरभाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) बमोजिम सार्वजनिक निकायले घर जग्गा भाडामा लिनु पर्दा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, कोष तथा लेखा नियन्त्रक कार्यालय, सम्बन्धित स्थानिय तहको सूचना पाटीमा कम्तीमा सात दिन अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नुपर्ने व्यवस्था तथा उपनियम २ मा उल्लेख भएबमोजिमको कुरा खुलाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले घर भाडामा लिदा सोकुरा उल्लेख नगरी घर भाडा लिएको छ । साथै उक्त भाडामा लिएका घरहरुको प्रयोजन समेत नखुलाएकोले पालिकाको क्रियाकलाप सञ्चानलको लागि लिएको हो/होइन भन्न सकिने अवस्था छैन । प्रचलित कानून उल्लेख गरेको प्रकृया पुरा नगरी पालिकाले यस वर्ष घरभाडावापत रु.९,०८,०००/- खर्च लेखेको छ । जसले पालिकाले लिएको घरभाडा संम्झौता कानून विपरित भएकोले नियमको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३९ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले इलाका प्रहरी कार्यालय, गर्खाकोटको भान्सा घर निर्माणका लागि रु.१,४२,५००/- भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन ।पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार परेको रु.

४० **नाफामूलक संथालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संघ तथा संस्थालाई, समितिलाई उक्त रकम अनुदान दिन नमिल्ने देखिन्छ । पालिकाले निम्नानुसार संस्थालाई रु.४,५०,०००/- अनुदान दिएको देखिन्छ।यसरी समितिलाई अनुदान प्रदान गर्दा पालिकाबासीलाई प्राप्त हुन सक्ने लाभ तथा छुटको विषयमा कुनै सम्झौता समेत गरेको देखिँदैन। अत: पालिकाले कार्यविधि नबनाई खर्च गरेको रकम अनियमित रु.

| **भौ.नं. र मिति** | **संस्थाको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ४२६।२०८२।०३।१२ | शाही नेपाली हाते कागज उद्योग | २००००० |
| १०७/२०८१/०३/२४ | नविन अल्लो प्रशोधन उद्योग,वडा नं २ | २५०००० |
| **जम्मा** | | **४५००००** |

| | |
|---|---|
| अनियमित भएको | ४,५०,००० |

४१ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाउँ एवं नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन,२०७७ जारी गरेको छ ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस पालिकाबाट आ.व. २०८१/८२ मा रु. ७८ लाख ६० हजार सुविधा वापत भुक्तानी भएको छ ।

४२ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानीय भत्ता कट्टा गरेको देखिएन । पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

४३ **बैठक भत्ता** (५४२-2082-03-24):

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १५(४) मा नियमित कामको लागि बैठक भत्ता प्रदान नगरिने उल्लेख छ भने अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद-७ दफा ४५ को बैठक भत्ता सम्बन्धी मापदण्डमा बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने, कानून बमोजिम गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने, कुनै आयोजना विशेषमा मन्त्रालयका सचिव वा विभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिमा भत्ता नदिने र विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था छ ।पालिकाले ५४२।२०८२।३।२४ बाट बिभिन्न मितिमा खरिद तथा मुल्यांकन समितिको बैठक बसेको भनि निम्नानुसार कर कट्टी गरि रु.९१,८००/- भुक्तानी दिएको छ। अर्थमन्त्रालयको निर्देशिका बिपरित भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.स. | नाम थर | बैठक संख्या | दर | कर रकम | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| १ | खडग बहादुर परियार | १७ | १५०० | ३८२५ | २१६७५ |
| 2 | हिक्मत कटुवाल | ७ | १५०० | १५७५ | ८९२५ |
| 3 | दल बहादुर बुढा | ९ | १५०० | २०२५ | ११४७५ |
| 4 | बिजय बि सी | ३ | १५०० | ६७५ | ३८२५ |
| 5 | धन बहादुर बस्नेत | ४ | १५०० | ९०० | ५१०० |
| 6 | लाल बहदुर बि क | २ | १५०० | ४५० | २५५० |
| 7 | रमेश कुमार शाही | १० | १५०० | २२५० | १२७५० |
| 8 | उत्तम पौडेल | ९ | १५०० | २०२५ | ११४७५ |
| 9 | योज्ञश्वर बस्नेत | ६ | १५०० | १३५० | ७६५० |
| १0 | अजय कुमार यादब | ४ | १५०० | ९०० | ५१०० |
| ११ | अशोक थापा | १ | १५०० | २२५ | १२७५ |
| **जम्मा** | | | | **१६२००** | **९१८००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **१७,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **२४,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१७,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **१७,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१४,०२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,८०० |

४४ **सम्पत्तिको लेखांकन तथा प्रतिवेदन** (१८०-2081-10-28):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 78 मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्ति मूल्य खुलाई खर्च भएर जाने प्रकृतिको सामान भए मले प फा नं 407 र खर्च भएर नजाने प्रकृतिको सामान, सम्पत्ति म ले प फा नं 408 को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले पत्रसंख्या २०८१।०८२ चलानी नं. २३ मिति २०८१।०४।०८ गते पत्र अनुसार सबै सरकारी कार्यालयलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको दोस्रो भर्जन (PAMS-V2) मिति २०८१।०४।२० गतेबाट अनिवार्य प्रयोग गर्नुपर्ने गरी परिपत्र गरेको छ। पालिकाले खरिद गरेको निम्न सम्पत्तीहरु जिन्सी दाखिला नगरी भुक्तानी भएकोले PAMS-V2 मा जिन्सी दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ.नं र मिति | भुक्तानी | खर्च विवरण | रकम |
|---|---|---|---|
| १८०। ०८१। १०।२८ | कर्णाली विकास तथा सुशासन मिडिया (६१९७४३९१०) | अन्तर सरकारी समन्वय नीति, टोलविकास सँस्था गठन तथा सञ्चालन कार्यविधि, नगरप्रहरी गठन तथा सञ्चालन कार्यविधि, सेवा प्रवाह मापदण्ड क्षमता विकास योजना र खेलकुद विकास समिती गठन तथा सञ्चालन कार्यविधि निर्माण | ९००००० |
| | | प्रमाण पेश नगरेको | ९,००,००० |

४५ **जिन्सी व्यवस्थापन**

कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४६ मा सरकारी सम्पत्तिको जिम्मा, अभिलेख, लेखांकन, प्रतिवेदन, संरक्षण लगायतका कार्यको जिम्मेवारी कार्यालय प्रमुखको हुने तथा नियम ४७ मा कार्यालयमा जुनसुकै माध्यमबाट प्राप्त भएका मालसामानको मूल्य खुलाई लगत राख्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयको मिति २०८१।०४।०८ को पत्रसंख्या २०८१।०८२ चलानी नं २३ गते सबै सरकारी कार्यालयलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2)को दोस्रो भर्जन मिति २०८१।०४।२० गतेबाट अनिवार्य प्रयोग गर्नुपर्ने गरी परिपत्र भएको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्न अनुसार छन्ः

४५.१ **जिन्सी सामानको मौज्जाद** - महालेखा नियन्त्रक कार्यालयबाट विकास गरिएको प्रणाली अन्तर्गत PAMS-1 बाट PAMS-V2 मा भएका खप्ने मालसामानको विवरण मात्र जिम्मेवारी सर्ने व्यवस्था देखिएकोमा खर्च भएर जाने मालसामानको विवरण सहित स्वतः जिम्मेवारी सर्ने व्यवस्था हुन सकेको अवस्था देखिएन। कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ मा खरिद गरिएका खर्च भएर जाने मालसामान, खर्च भएको परिमाण तथा आर्थिक वर्षको अन्तमा बचत भई २०८१।८२ मा मौज्दात सार्नुपर्ने सामानको विवरण सहित जिन्सी निरीक्षण गरेको देखिएन । साथै लेखापरीक्षणको क्रममा कार्यालयको PAMS -V1 प्रणाली परीक्षण गर्दा रु.४८,३८,२२०/- बराबरको खर्च भएर जाने मालसामानको मौज्दात बाँकी देखियो । कार्यालयले PAMS -V1 मा देखिएको मौज्दात बाँकी PAMS -V2 मा सार्नुपर्दछ ।

४५.२ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ र १०६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।यस कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएका ल्यापटप -३, टिभी-१, प्रिन्टर-१३, जनेरेटर-१, सोलार प्यानल-३, सोलार व्याट्री-१२ थान लगायतका जिन्सी सामान मर्मत गरेको पाइएन।अत: जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनी उल्लेख गरिएका सामानहरु समयमै मर्मत गरी प्रयोगमा ल्याउनु पर्दछ।

४६ **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ (३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नुपर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष

सवारी साधन मर्मतमा रु.२१,०५,९००/- खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन । साथै फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन।

## ४७ फरक खर्च शिर्षक

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । तर नमुना परीक्षणको रुपमा श्रेस्ता परीक्षण गर्दा पालिकाले नियमानुसार खर्च भुक्तानी गर्दा फरक खर्च शिर्षकबाट भुक्तानी गरेको पाइयो । रकम भुक्तानी गर्नु अघि रकमान्तर समेत नगराइ देहाय अनुसार फरक खर्च शिर्षकबाट भुक्तानी भएको अनियमित रु.

| गोभौनं।मिति | विवरण | खर्च लेखेको शिर्षक | खर्च लेख्नुपर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १४।०८१।६।६ | खाजाखाना होटलबास | भ्रमण खर्च (२२६१२) | विविधखर्च (२२७११) | १३०००० |
| १५८।०८१।१०।७ | दैनिक भ्रमण भत्ता | विविधकार्यक्रमखर्च(२२५२९) | भ्रमण खर्च(२२६१२) | ५९००० |
| ३७१।०८२।२।२९ | दैनिक भ्रमण भत्ता | विविधकार्यक्रमखर्च(२२५२९) | भ्रमण खर्च(२२६१२) | १७००० |
| ४१४।०८२।३।११ | दैनिक भ्रमण भत्ता | विविधकार्यक्रमखर्च २२५२९) | भ्रमण खर्च(२२६१२) | ४६५०० |
| ४८०।०८२।३।२० | बैठक भत्ता | विविध खर्च (२२७११) | बैठकभत्ता(२११३४) | ९५२०० |
| ५२८।०८२।३।२४ | ईन्धन | विविध खर्च (२२७११) | इन्धन खर्च (२२२११) | ३८७५०० |
| | | पदाधिकारी बैठक भत्ता(२२७११) | | |
| ४१३।०८२।३।२५ | स्कुल ड्रेस झोला वितरण | इन्धन पदाधिकारी (२२२११) | विविध कार्यक्रम खर्च (२२५२९) | १८८१४५ |
| **जम्मा** | | | | **९२३३४५** |

| | |
|---|---|
| अनियमित भएको | ९,२३,३४५ |

## ४८ भ्रमण खर्च

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्चबापत यस वर्ष रु. १५ लाख ४० हजार खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन नखुलाएको हुँदा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमावलीको नियम २१ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसुचि-६ बमोजिम म.ले.प. फारम नम्बर ९०८ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा राखेको छैन ।जसले गर्दा पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४९ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, रासन भत्ता, सहभागी भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख छ । तर नमुना परीक्षणको रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय बमोजिम कर्मचारीलाई दैनिक भ्रमणमा रही दैनिक भत्ता उपभोग गरेको अवस्थामा पून स्थानीय भत्तासमेत भुक्तानी गरेको छ । तसर्थ नियमावलीको व्यवस्था विपरित भुक्तानी भएको स्थानीय भत्ता सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **गो.भौ.नं.।मिति** | **भुक्तानी लिनेको नाम** | **भ्रमण आदेश नं.** | **भ्रमण अवधी** | **दिन** | **स्थानीय भत्ता** |
|---|---|---|---|---|---|
| १६।०८१।६।६ | हर्क बहादुर वली | आदेश नम्बर नभएको | ०८१।४।३ देखि ८ | ५.२५ दिन | १५४० |
| २५१।०८१।१२।१० | खेमराज शर्मा | | ०८१।११।२२ देखि २८ | ६.२५ दिन | १८३० |
| २०।०८१।६।६ | खेमराज शर्मा | | ०८१।३।३१ देखि ४।६ | ६.२५ दिन | १८३० |
| | | | ०८१।४।२८ देखि ५।४ | ६.२५ दिन | १८३० |
| | | | ०८१।५।२५ देखि ५।२९ | ६.२५ दिन | १८३० |
| १०८।०८१।९।१९ | खेमराज शर्मा | | ०८१।८।११ देखि १६ | ५.२५ दिन | १५४० |
| | | | ०८१।५।५ देखि ११ | ६.२५ दिन | १८३० |
| **जम्मा** | | | | | **१२२३०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,२३० |

५० **प्रशिक्षक भत्ता**

अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ दफा ५४ अनुसूचि ११ बमोजिम तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालिकास्तरको अधिकृतस्तरको तालिममा कार्यपत्रबापत रु.१००० र कक्षा सञ्चालनबापत रु.४०० खर्च लेख्न सकिने व्यवस्था छ भने सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ। नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहायबमोजिमका तालिम सञ्चालन गर्दा प्रशिक्षक भत्तामा बढी खर्च लेखेको पाइयो ।तसर्थ निर्देशिकाले तोकेकोभन्दा बढी प्रशिक्षक भत्तामा खर्च गरेकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानी लिनेको नाम | प्रशिक्षक | हुनुपर्ने | | भुक्तानीभएको | बढीभुक्तानी करकट्टीपछि |
|---|---|---|---|---|---|---|
| | | | सेसन | भुक्तानी | | |
| **३५१।०८२।०२।२० राजस्व मोड्युल सम्बन्धी ३ दिने तालिम** | | | | | | |
| १ | नमराज आचार्य | वाह्य | १० | १४००० | २०००० | ५१०० |
| २ | खडक बहादुर परियार | आन्तरिक | १ | १००० | २००० | ८५० |
| **३२१।०८२।०१।१७ कृषि सम्बन्धी तालिम** | | | | | | |
| 1 | गणेश बहादुर घर्ती | आन्तरिक | ६ | ६००० | १०८०० | ४०८० |
| **जम्मा** | | | | | | **१००३०** |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **४,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,०३० |

५१ **प्रशिक्षार्थीबाहेकलाई सहभागिता भत्ता**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ दफा ५४ अनुसूचि ११ बमोजिम सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा सहभागिता भत्ता दैनिक खाने बस्ने खर्च दिन सकिने व्यवस्था छ । नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण पालिकाले देहायबमोजिम तालिममा प्रशिक्षार्थीबाहेक आफ्नै कार्यालयका पदाधिकारी/कर्मचारीहरुलाई समेत दैनिक खाने बस्ने खर्च वापत सहभागिता भत्ता भुक्तानी गरेको देखियो । आफ्नै कार्यालयमा सञ्चालन भएको कार्यक्रममा तालिमका प्रशिक्षार्थीबाहेकसमेतलाई दैनिक खाने बस्ने खर्च वापत सहभागिता भत्ता दिएको औचित्यपूर्ण देखिदैन ।अत: निर्देशिकाको मापदण्डभन्दा फरक असम्बन्धित भुक्तानी भएको करकट्टी पछिको रकम रु.६,८००/- सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानी लिनेकोनाम | पद | दर | संख्या | करकट्टी पछिकोरकम |
|---|---|---|---|---|---|
| **३२९।०८२।०१।३१ महिला स्वास्थ्य सेविकाहरुका लागि २ दिन तालिम** | | | | | |
| १ | खडक ब. परियार | प्र प्र अ | १००० | २ | १७०० |
| 2 | राम ब. शाही | सि अ हे ब | १००० | २ | १७०० |
| | **जम्मा** | | | | **३४००** |
| **२५६।०८१।१२।२५स्वास्थ्य कर्मिलाई मातृ तथा नवशिशु स्याहार तालिम** | | | | | |
| १ | खडक ब. परियार | प्र प्र अ | १००० | २ | १७०० |
| २ | खेमराज शर्मा | लेखा अ | १००० | २ | १७०० |
| | **जम्मा** | | | | **३४००** |
| | **कुल जम्मा** | | | | **६८००** |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८०० |

५२ **सहभागि भत्ता**

अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ दफा ५४ अनुसूचि ११ बमोजिम सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा सहभागिता भत्ता दैनिक खाने बस्ने खर्च वापत रु.१००० दिन सकिने व्यवस्था छ । नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहायबमोजिम आफ्नै कार्यालयमा सञ्चालन भएको तालिममा आफ्नै कार्यालयका पदाधिकारी/कर्मचारीहरुलाई सहभागिता भत्ता दैनिक खाने बस्ने खर्च वापत रु.१५०० का दरले भुक्तानी गरेकोले रु.५०० का दरले बढी भुक्तानी भएको करकट्टी पछिको रकम रु.३२,३००/- सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानी लिनेकोनाम | पाउने दर | लिएको दर | बढी दर | संख्या | करकट्टी पछिको बढीरकम |
|---|---|---|---|---|---|---|
| **३५१।०८२।०२।२० राजस्वमोड्युल सम्बन्धी ३ दिने तालिम** | | | | | | |
| १ | खडक ब परियार | १००० | १५०० | ५०० | ३ | १२७५ |
| 2 | जुद्ध ब भण्डारी | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ३ | प्रेम प्रसाद अधिकारी | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ४ | भारती शाह | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ५ | शेर ब रोकाय | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ६ | विनाराम वि क | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ७ | विरेन्द्र ब बढामगर | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ८ | धन ब बस्नेत | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ९ | मन ब थापा | १००० | १५०० | ५०० | ३ | १२७५ |
| १० | योज्ञेश्वर बस्नेत | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ११ | प्रमिता बस्नेत | १००० | १५०० | ५०० | ३ | १२७५ |
| १२ | धनिराम थारु | १००० | १५०० | ५०० | ३ | १२७५ |
| १३ | कमला कुमारी शाही | १००० | १५०० | ५०० | ३ | १२७५ |
| १४ | पृथ्वी ब शाही | १००० | १५०० | ५०० | ३ | १२७५ |
| १५ | लाल ब शाही | १००० | १५०० | ५०० | ३ | १२७५ |
| | **जम्मा** | | | | | **१९१२५** |
| **४३३।०८२।०३।१२छुवाछुत, बालविवाह तथा बहुविवाह न्यूनीकरण सम्बन्धी कार्यक्रम** | | | | | | |
| १ | जय बहादुर खड्का | १००० | १५०० | ५०० | ३ | १२७५ |
| २ | इन्द बहादुर गिरि | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ३ | पार्वता नाथ | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ४ | सरिता सुनार | १००० | १५०० | ५०० | ३ | १२७५ |
| ५ | खडक परियार | १००० | १५०० | ५०० | १ | ४२५ |
| ६ | हिक्मत ब कटुवाल | १००० | १५०० | ५०० | १ | ४२५ |
| ७ | अरुण कुमार यादव | १००० | १५०० | ५०० | १ | ४२५ |
| ८ | कमला कुमारी शाही | १००० | १५०० | ५०० | १ | ४२५ |
| ९ | कमला कुमारी बस्नेत | १००० | १५०० | ५०० | १ | ४२५ |
| १० | कुशुमकला बस्नेत | १००० | १५०० | ५०० | १ | ४२५ |
| ११ | रविना कुमारी शाही | १००० | १५०० | ५०० | १ | ४२५ |
| १२ | रमेश कुमार शाही | १००० | १५०० | ५०० | १ | ४२५ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | पुष्पा रोका मगर | १००० | १५०० | ५०० | १ | ४२५ |
| १४ | राम बहादुर खत्री | १००० | १५०० | ५०० | १ | ४२५ |
| १५ | प्रमिता कुमारी बस्नेत | १००० | १५०० | ५०० | ३ | १२७५ |
| १६ | बिन बहादुर खड्का | १००० | १५०० | ५०० | ३ | १२७५ |
| १७ | कल्पना बि क | १००० | १५०० | ५०० | ३ | १२७५ |
| | **जम्मा** | | | | | **१३१७५** |
| **कुल जम्मा** | | | | | | **३२३००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१४** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-१८** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,३०० |

५३ **विद्यालय सञ्चालन तथा व्यवस्थापन**

गो.भौ.नं.१९०/२०८१/१२/१३ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आ.व. २०८१/८२ को कार्यक्रम कार्यान्वय कार्यविधिको क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानको व्यवस्था छ । पालिकाले यस वर्ष पालिका ईन्टरनेट वापत ६६ वटा विद्यालयलाई रु.२७ लाख २५ हजार रकम निकासा गरेको छ । पालिका अन्तर्गतका ६६ वटा मध्ये कुनै पनी विद्यालयले इन्टरनेट जडान वापतको विल पेश गरेको पाइएन ।तसर्थ निकासा भएको रकम सोही प्रयोजनका लागि प्रयोग भए/नभएको एकिन हुन आएन । पालिकाले अनुदानको अनुगमन गरी विद्यालयले ईन्टरनेट जडान गरेको सुनिश्चित गर्नुपर्दछ।

५४ **वित्तीय समानीकरणबाट शिक्षकको तलब भत्ता**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(4) स्थानीय तहले आफूले उठाएको राजश्व र राजश्व बांडफाँडबाट प्राप्त हुने रकम प्राशासनिक खर्च पुग्ने गरी बांडफांड गर्नुपर्ने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८१ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.९२,१३,३८१/- तलब भत्ता भुक्तानी गरेको छ।वित्तीय समानीकरणको रकम तोकिएको कार्यमा खर्च गर्नुपर्दछ।

५५ **दिवा खाजा अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको आ.व. २०८१/८२ को कार्यक्रम कार्यान्वय कार्यविधिको क्रियाकलाप नं. २.७.११.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या र हाजिरि यकिन गरी स्थानीय तहले १-५ कक्षाका प्रति विद्यार्थी रु. १५ का दरले १८० दिनको हिसाव गरि अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका ६५ वटा विद्यालयलाई प्रति विद्यार्थी रु.१५ का दरले वर्षभरिमा १८० दिनको रु.१ करोड ४६ लाख ८९ हजार निकासा गरेको छ ।पालिकाबाट दिवा खाजाका लागि अनुदान लिने विद्यालयहरुले कक्षा सञ्चालन हुदा विद्यार्थीहरु उपस्थित भए वा नभए पनि विद्यार्थीहरुको नियमित हाजिर गरेको, दिवा खाजाको वितरणको सुनिश्चितता गर्न विद्यार्थीको आकस्मिक शिर गणना, परीक्षमा सामेली संख्या, नतिजामा सहभागिता संख्या एकिन नगरी सत्यापान गरेको प्रमाण नराखी भुक्तानी गरेको पाइयो ।दिवा खाजा वितरणको सुनिश्चितता गर्न पालिकाबाट नियमित अनुगमन गरि सत्यापन पछि भुक्तानी हुनुपर्छ। तपसिलको विद्यालयको विद्यार्थीहरुको नमूना परिक्षण गरी हाजिरि जाँच गर्दा देहाय बमोजिमको बढि भुक्तानी असुल गरी संञ्चित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **क्र.स** | **विद्यालयकोनाम** | **हुनुपर्ने निकासा** | **भएको निकासा** | **बढी निकासा** |
|---|---|---|---|---|
| १ | आदर्शप्रा.वि,साकिया | ४३१५८० | ५६४३०० | १३२७२० |
| 2 | प्रेम ज्योति प्रा.वि. मैनपाका | २९८४७५ | ३१०९८० | १२५२५ |
| 3 | जानकी आ.वि. दङगाउ | ३०००७५ | ३३२४७५ | ३२४०० |
| **जम्मा** | | | | **१७७६४५** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-८** को निर्णयले रू **१४,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७७,६४५ |

५६ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिकामा रहेका ६५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| **विद्यालयको तह** | **स्थायी शिक्षक दरबन्दी** | **राहत** | **गाउँपालिका श्रोत** | **सिकाई अनुदान** | **जम्मा दरबन्दी** | **रिक्त दरवन्दी** | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|---|---|
| उच्च माध्यामिक तह | ० | १२ | ८ | ० | २० | १ | ५१९ |
| माध्यामिक तह | ७ | ११ | १३ | १३ | ४४ | ३ | १३७३ |
| नि.मा.वि तह | ७ | १५ | ४५ | १० | ७७ | २ | १९६६ |
| प्रा.वि तह | ६८ | ३८ | ५३ | ३० | १८९ | १ | ४५११ |
| बाल विकास | ० | ४० | १८ | ९ | ६७ | ० | ११०२ |
| | **८२** | **११६** | **१३७** | **६२** | **३९७** | **७** | **९४७१** |

अत: विद्यार्थीको संख्याका आधारमा शिक्षकको पदपूर्ति हुनुपर्दछ।

५७ **नि:शुल्क शिक्षा**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

५८ **औषधी खरिदतर्फ**

५८.१ **लागत अनुमान तयारी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च, उद्योग वाणिज्य संघले जारी गरेको दररेट आदी विषयहरुलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो किसिमको प्रक्रिया अनुसरण नगरी तीन वटा सप्लायर्स/फर्मसँग बजार दररेट माग गरी प्राप्त दररेटको औषत निकाली त्यसैलाई लागत अनुमानको आधार बनाउने गरेको देखियो । पालिकाले यस्तै प्रकृतिका सामान अन्य सार्वजनिक निकायले खरिद गरे नगरेको र आफैले पनि पहिले खरिद गरे नगरेको सम्बन्धमा लागत अनुमान सम्बन्धी निर्णयमा कुनै कुरा उल्लेख नगरेको र माग गरिएको बजारको दररेटमा पनि फरक फरक दररेट प्राप्त भएबाट लागत अनुमानको लागि लिएको आधार विश्वसनिय मान्न सकिएन । यसरी लागत अनुमान तयार गर्ने कार्यमा सुधार हुनु पर्दछ ।

५८.२ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले यस वर्ष सिलबन्दी दरभाउपत्र र मौजुदा सूचीमा रहेका तीन वटा फर्मसँग दररेट माग गरी कोटेशनमार्फत रु.३०,९६,३९२/- को औषधी खरिद गरेकोमा औषधिको उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख नभएको पाइयो ।तसर्थ सम्झौता बमोजिमको परिमाण र गुणस्तरमा आए नआएको सम्बन्धमा प्राविधिक जाँच, परीक्षण गरी भण्डार दाखिला गर्दा उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।

### ५९ न्यानो झोला खरिद

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएको आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु सञ्चालन सम्बन्धी मार्गदर्शन न्यानो झोला कार्यक्रमको व्यवस्था छ।सोको आधारमा अनुगमन गरि न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरि सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष रु.८६८ दरमा ३०० थानको रु.२,९४,३६०।– (मू.अ. कर समेत) को न्यानो झोला खरिद गरेको मा यस पालिका अन्तर्गत यस वर्ष ३६५ जना सुत्केरी भएको अभिलेखबाट देखिन्छ।खरिद भएका ३०० थानबाट ३०० जना सुत्केरीलाई र बाँकीलाई गत आ.व.को मौज्दातबाट वितरण गरेको देखिन्छ ।खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन।तसर्थ, माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरि गुणस्तरीय झोला खरिद गर्नुपर्दछ।लामो समय भन्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

### ६० विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय सम्बन्धि मापदन्ड तयार गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

### ६१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकामा ११ वटा योजना सञ्चालन गरी ९५ जनालाई १०० दिनले रोजगारी उपलव्ध गराई रु.६७,६४,९९२/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० र न्यूनतम ७४ दिन रोजगार पाएतापनि सुचिकृत भएका ७०९५ व्यक्ति मध्ये ९५ बाहेक ७००० जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६२ **मुख्यमन्त्री रोजगार कार्यक्रम**

कर्णाली प्रदेशभित्र कामको सृजना गरी बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यविधि, २०७८ अनुसार पालिकामा ११ वटा योजना सञ्चालनमा विनियोजित रु. १ करोड ६५ लाख मध्ये रु. १ करोड ९६ लाख ३ हजार खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्ः

६२.१ **सार्वजनिक लेखापरीक्षण -** मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १४ बमोजिम आयोजना कार्यन्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नुपूर्व आयोजनाको लागत, प्रगति विवरण, खर्चका बिल भरपाई, श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरण लगायतका विषयको सार्वजनिक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सञ्चालित आयोजनाहरुको निर्देशिका बमोजिम सार्वजनिक लेखापरीक्षण गराएको छैन । कार्यविधिले तोकेका सुचकहरु समावेश गरी सार्वजनिक लेखापरीक्षण गर्नुपर्दछ ।

६२.२ **रोजगारी स्थिति** - मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा खर्च गरी श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ।कार्यक्रममा छनोट भएका प्रतिवडा १ आयोजनाका दरले ११ वटा कार्यक्रममा श्रमिक ज्याला रु.६६,०३,३५८।– तथा सामाग्री खरिदमा रु.६५,५४,७६१।– खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ९८ दिन र न्यूनतम १७ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ । सुचिकृत भएका व्यक्ति ६८९७ जनाले एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । ११ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका १९८ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन । कार्यक्रमको उद्वेश्य अनुरुप बेरोजगार सूचीमा सुचिकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६३ **प्रकोप व्यवस्थापन कोष**

भूकम्पबाट प्रभावित घरपरिवारलाई अस्थाई आवास निर्माण अनुदान कार्याविधि,२०८१ अनुसार भूकम्पका कारण निजी आवास पूर्ण रुपले क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गरिने व्यवस्था रहे बमोजिम, बारेकोट गापा को राम्चे केन्द्र विन्दु भएर २०८०।७।१७ मा गएको भूकम्पमा पूर्ण क्षति भएका तथा बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थाई टहरा निर्माण गर्नेको लागि जिल्ला प्रशासन कार्यालय जाजरकोटबाट प्रति परिवार रु.२५,०००/- को दरले रु. ९,७८,७५,०००।- प्राप्त भएकोमा ५४०६ जना लाभग्राही पहिचान भएकोमा दोस्रो किस्ताबापतको ३९०७ जनालाई रु.९,७६,७५,०००।– खर्च भएको पाईयो। १३५७ जनालाई दोस्रो किस्ता बापतको रकम भुक्तानी हुन बाँकी देखिएकोले समयमै कार्य सम्पन्न गराउनतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

६४ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

६५ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ बिभिन्न शीर्षकमा अनुमानित रु. ७५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. ३९ लाख ६५ हजार (५२.८७ प्रतिशत) प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | प्राप्तिकोश्रोत | वार्षिक अनुमान | आम्दानी |
|---|---|---|---|
| १ | भुमिकर/मालपोत | २०००००० | ५७८७४४.२७ |
| २ | वहालकर | १००००० | १००७०१.५५ |
| ३ | सवारीसाधन कर (साना सवारी) | ० | १००० |
| ४ | व्यवसायलेभुक्तानी गर्ने | ५००००० | ० |
| ५ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५००००० | २२,४४४ |
| ६ | अन्यकर | १५०००००० | १२१४७८०.७५ |
| ७ | कृषिउत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | ३९०० |
| ८ | अन्यबिक्रीबाट प्राप्त रकम | ० | १७९०० |
| ९ | अन्यसेवा शुल्क तथा बिक्री | ५००००० | ४३९०० |
| १० | शिक्षाक्षेत्रको आम्दानी | ५०००००. | १०५०० |
| ११ | परीक्षाशुल्क | ० | १७९०० |
| १२ | अन्यप्रशासनिक सेवा शुल्क | ० | ५९१०० |
| १३ | सिफारिशदस्तुर | १०००००० | ४६३६०० |
| १४ | व्यक्तिगतघटना दर्ता दस्तुर | ९००००० | ३०९९०० |
| १५ | नाताप्रमाणित दस्तुर | ० | २५००० |
| १६ | अन्यदस्तुर | ० | ११९१०० |
| १७ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ० | ३७५०० |
| १८ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ० | १५०० |
| १९ | अन्यक्षेत्रको आय | ० | १११०५.७० |
| २० | प्रशासनिकदण्ड, जरिवाना र जफत | ० | ४८५३२४.८५ |
| २१ | पूँजीगतहस्तान्तरण | ० | १००० |
| २२ | अन्यराजस्व | ० | ६००० |
| २३ | व्यवसायकर | ० | ६२०० |
| २४ | बेरूजू | ० | ३९४७७४ |
| २५ | नगद | ० | ३३१८६.९२ |
| **जम्मा** | | **७५०००००** | **३९६५०६२.०४** |

६६ **सामाजिक सुरक्षातर्फः**

६६.१ **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी

सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक किस्ता वापतको कुल रकम रु.९,०१,४१,७४८।- विद्युतीय भुक्तानी प्रणालीमार्फत् सम्बन्धितको खातामा पठाईएको देखिन्छ ।

६६.२ **अभिलेख अद्यावधिक** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१) मा उल्लेखित समयावधि भित्र सम्बन्धित पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ।सो कार्यविधिको ५ को उपदफा २ मा यसरी नविकरण नगर्ने लाभग्राहिले पछिल्लो आवमा भत्ता नपाउने उल्लेख गरेकोमा यस पालिकाले सोको परिपालना गरेको पाइएन । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

६६.३ **विवरणको समिक्षा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ।पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन।कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

६६.४ **बढी भुक्तानी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम कार्यालयले भुक्तानी गर्दा सम्बन्धित लाभग्राहीको विवरण अध्यावधिक गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाको लाभग्राहिको निकासा सम्बन्धमा नमूना परीक्षण गर्दा जलधरी दमाई (दलित ज्येष्ठ नागरिक ) को सामाजिक सुरक्षा वापतको रकम भुक्तानी गर्दा दोहोरो भुक्तानी भएको रु.३१९२०/- असुल गरी संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,९२० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : जुनिचादे गाउँपालिका, जाजरकोट , जुनिचाँदे गाउँपालिका , जाजरकोट

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | हर्क बहादुर वली | २०८१-१-१२ | २०८१-६-६ |
| कार्यालय प्रमुख | खडक बहादुर परियार | २०८१-६-९ | २०८२-०६-०५ |
| लेखा प्रमुख | तेजेन्द्र बम | २०८१-११-२० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५९४,४९८ | १५,९३२,०९५ | १,९५१,७६३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,४७८,३५६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १६९,४३० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,३०८,९२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १२६०४९८६.६५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३१७८९३५८.८ | चालु खर्च | ३५८६८५६२६.८८ |
| प्रदेश सरकारबाट अनुदान | ६८२२०००० | पूँजीगत खर्च | ८८२४३३४८ |
| राजश्व बाँडफाँट | १०१९२००२८.६७ | वित्तीय/अन्य व्यवस्था | २३७३४२०९०.०१ |
| आन्तरिक आय | ३९६५०६२.०४ | | |
| अन्य आय | २८७२४९०७२.३८ | | |
| कुल आय | ६९३१४३५२१.८९ | कुल खर्च | ६८४२७१०६४.८९ |
| बाँकी मौज्दात | | २१४७७४४३.६५ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | **राजस्व, अनुदान र अन्य प्राप्ति** | | | | | | |
| ११००० | कर | १०३७८९९५१.३ | ० | १०३७८९९५१.३ | ९२२३९१८९.६५ | ० | ९२२३९१८९.६५ |
| १३००० | अनुदान | ३४८४९६२७९.१७ | ० | ३४८४९६२७९.१७ | ३५९२०७०४७.३२ | ० | ३५९२०७०४७.३२ |
| १४००० | अन्य राजस्व | १६६७१७८.४९ | ० | १६६७१७८.४९ | २१४०१९८.३९ | ० | २१४०१९८.३९ |
| १५००० | विविध प्राप्ति | ३९४७७४ | ० | ३९४७७४. | ० | ० | ०. |
| क | **कुल जम्मा प्राप्ति** | ४५४३४८१८२.९६ | | ४५४३४८१८२.९६ | ४५३५८६४३५.३६ | | ४५३५८६४३५.३६ |
| ३ | चालु | ३५८६८५६२६.८८ | ० | ३५८६८५६२६.८८ | ३५७३४२४७७.९८ | ० | ३५७३४२४७७.९८ |
| २१००० | पारिश्रमिक / सुविधा | १७९४७१२०८.२५ | ० | १७९४७१२०८.२५ | २४०२०९५०२.७६ | ० | २४०२०९५०२.७६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९५००६१६९.७८ | ० | ९५००६१६९.७८ | ४५६६९९२९ | ० | ४५६६९९२९. |
| २५००० | सहायता (Subsidy) | ६९७३६२८८.८५ | ० | ६९७३६२८८.८५ | ३९७८२८०६ | ० | ३९७८२८०६. |
| २७००० | सामाजिक सुरक्षा | ८६९११०६ | ० | ८६९११०६. | ३१२७६४४०.२२ | ० | ३१२७६४४०.२२ |
| २८००० | अन्य खर्च | ५७८००५४ | ० | ५७८००५४. | ४०३८०० | ० | ४०३८००. |
| ४ | पूंजीगत | ८८२४३३४८ | ० | ८८२४३३४८. | ११३३९६७०७ | ० | ११३३९६७०७. |
| ३१११० | भवन तथा संरचना | १६५०१४०६ | ० | १६५०१४०६. | ४१६७१७६ | ० | ४१६७१७६. |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ७००००० | ० | ७०००००. | ३२५३१०० | ० | ३२५३१००. |
| ३११३० | अन्य पूँजीगत खर्च | ७८९८९९ | ० | ७८९८९९. | ११४०७७५ | ० | ११४०७७५. |
| ३११४० | सुरक्षा उपकरण | ० | ० | ०. | ५००००० | ० | ५०००००. |
| ३११५० | सार्वजनिक निर्माण | ७०२५२०४३ | ० | ७०२५२०४३. | १०३९९१४४२ | ० | १०३९९१४४२. |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | ० | ० | ०. | ३४४२१४ | ० | ३४४२१४. |
| ख) | **कुल जम्मा भुक्तानी** | ४४६९२८९७४.८८ | | ४४६९२८९७४.८८ | ४७०७३९१८४.९८ | | ४७०७३९१८४.९८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ७४१९२०८.०८ | | ७४१९२०८.०८ | -१७१५४७४९.६२ | | -१७१५४७४९.६२ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | १४२००६२ | | १४२००६२ | ३४५६४८१.८४ | | ३४५६४८१.८४ |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | ० | | ० | | | ० |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | ८८३९२७०.०८ | | ८८३९२७०.०८ | -१३६९६२६७.७८ | | -१३६९६२६७.७८ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | १२६०४९८६.६५ | | १२६०४९८६.६५ | २६३३४४४१.३५ | | २६३३४४४१.३५ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | ० | | | ० |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | २१४४४२५६.७३ | | २१४४४२५६.७३ | १२६३८१७३.५७ | | १२६३८१७३.५७ |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोभै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।